# त्रिभुवन विश्वविद्यालय

## व्यवस्थापन संकाय

## (परीक्षा नियन्त्रण महाशाखा)

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल ।

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-४३३५९८७ (परीक्षा)
०१-४३३६६०६ (परीक्षा), ०१-५९०७९२७ (थेसिस)
E-mail : info@fom.tu.edu.np, fomdean@gmail.com
: exam.mgmt.tu@gmail.com, mgmtdean.exam@gmail.com
Website : www.fomecd.edu.np, www.tudoms.org


मितिः २०८३ । ०५ । २२

## परीक्षार्थीहरूका लागि अत्यन्त जरुरी सूचना

व्यवस्थापन संकाय, डीनको कार्यालयबाट मिति २०८३ । ०५ । २४ गतेबाट संचालन हुनगईरहेको स्नातकोत्तर तहका विविध कार्यक्रमहरुको तेश्रोसत्र नियमित परीक्षा २०२६ मा सामेल हुने परीक्षार्थीहरूले त्रिभुवन विश्वविद्यालयको परीक्षा नियमावली तथा विद्यार्थी आचारसंहिता अनुसार देहायका कुराहरू अनिवार्य पालना गर्न सूचित गरिन्छ :

१) परीक्षा नियन्त्रण महाशाखाबाट जारी गरिएको वैध प्रवेश पत्र (Authentic Admit Card) प्रत्येक परीक्षाका दिन अनिवार्य ल्याउनु पर्ने छ ।

२) परीक्षा केन्द्रले तोकिएको सिटमा मात्र बसेर परीक्षा दिनु पर्ने छ ।

३) केन्द्राध्यक्ष वा निरीक्षकको अनुमति बिना आफ्नो सिट वा परीक्षा भवन छोड्न पाउने छैन । परीक्षा प्रारम्भ भएको पहिलो एक घण्टाभित्र परीक्षा भवनबाट बाहिर निस्किन समेत पाउने छैन ।

४) मोबाईल फोन, स्मार्ट वाच जस्ता ईलेक्ट्रोनिक डिभाईसहरु, चिट, पुस्तक वा अन्य कुनैपनि निषेधित सामग्रीहरू परीक्षा भवनभित्र ल्याउन सख्त मनाही छ ।

५) नक्कल गर्ने, अरूलाई सहयोग गर्ने, अरूको सट्टा परीक्षा दिने (प्रतिरूपण), परीक्षा सञ्चालनमा अवरोध पुऱ्याउने वा परीक्षा कर्मचारीप्रति अभद्र व्यवहार गर्ने जस्ता कार्य गर्न पाउने छैन ।

६) परीक्षा अवधिभर केन्द्राध्यक्ष, पर्यवेक्षक, निरीक्षक तथा परीक्षा कर्मचारीको निर्देशनको पूर्ण रूपमा पालना गर्नु पर्ने छ ।

परीक्षा नियम तथा आचारसंहिताको उल्लङ्घन गरेको पाइएमा विश्वविद्यालयको परीक्षा नियमावली बमोजिम परीक्षा रद्द हुने, निश्चित अवधिसम्म परीक्षामा सहभागी हुनबाट वञ्चित गरिने तथा आवश्यक परे कानुनी कारवाही समेत हुन सक्ने व्यहोरा सबै परीक्षार्थीलाई जानकारी गराईन्छ ।

परीक्षामा सहभागीहुने सम्पूर्ण परीक्षार्थीहरुलाई सफलताको कामना सहित अनुशासित, मर्यादित र निष्पक्ष वातावरणमा परीक्षा सम्पन्न गराउन सबै परीक्षार्थीहरुको सहयोगको अपेक्षा गरिएको छ ।